# मतदाता शिक्षा विशेष कार्यक्रम प्रतिवेदन-२०८२

**कार्यक्रम सञ्चालन भएको अवधि :** २०८२ फागुन ३ देखि १७ गतेसम्म
**कार्यक्रम स्थानः** भूमे गाउँपालिका अन्तर्गतका सबै वडाहरु (१-९)

**पेश गरिएको :**

जिल्ला निर्वाचन कार्यालय, रुकुम (पूर्वी भाग)
मिति : २०८२ फागुन २५

**पेश गर्ने :**

***भूमे गाउँपालिका,***
***गाउँ कार्यपालिकाको कार्यालय***
***रुकुम (पूर्वी भाग)***
***लुम्बिनी प्रदेश, नेपाल***

## १. कार्यक्रमको परिचय

मतदाता शिक्षा विशेष कार्यक्रम २०८२ को उद्देश्य प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि नागरिकलाई मतदानको महत्व, मतदान प्रक्रिया तथा आफ्नो मताधिकारको सही प्रयोग बारे जानकारी गराउनु हो। लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाउन मतदातालाई सचेत र जिम्मेवार बनाउने लक्ष्यका साथ यो कार्यक्रम सञ्चालन गरिएको हो।

## २. कार्यक्रमको उद्देश्य

- नागरिकलाई मताधिकारको महत्वबारे जानकारी गराउनु।
- मतदान प्रक्रियाबारे स्पष्ट जानकारी दिनु।
- स्वच्छ, निष्पक्ष र स्वतन्त्र निर्वाचनको महत्व बुझाउनु।
- युवाहरू तथा नयाँ मतदातालाई मतदानमा सहभागी हुन प्रेरित गर्नु।

## ३. कार्यक्रम सञ्चालन मिति र स्थान

- **मितिः** २०८२ साल फागुन ३ देखि १७ गतेसम्म
- **स्थानः**भूमे गाउँपालिका अन्तर्गतका सबै वडाहरु (१-९)

## ४. सहभागीहरूको विवरण

यस कार्यक्रमबाट विभिन्न उमेर समूहका नागरिक, विद्यार्थी, महिला समूह, सर्वसाधारण गरी जम्मा पुरुष २७६५ र महिला ३५१८ गरी कूल जम्मा ६२८३ जना मतदाताहरु लाभान्वित भएका छन।

| क्र.सं. | मिति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | २०८२।११।०३ गते | १९२ | २२७ | ४१९ |
| २. | २०८२।११।०४ गते | २५६ | २७२ | ५२८ |
| ३. | २०८२।११।०५ गते | ३१२ | ४८६ | ७९८ |
| ४. | २०८२।११।०६ गते | २५८ | ३७८ | ६३६ |
| ५. | २०८२।११।०७ गते | २९४ | ३५९ | ६५३ |
| ६. | २०८२।११।०८ गते | २९५ | ३३४ | ६२९ |
| ७. | २०८२।११।०९ गते | ३१० | ३०७ | ६१७ |
| ८. | २०८२।११।१० गते | १४७ | २०७ | ३५४ |
| ९. | २०८२।११।११ गते | ८८ | ११० | १९८ |
| १०. | २०८२।११।१२ गते | ९४ | १११ | २०५ |
| ११. | २०८२।११।१३ गते | ७२ | ९४ | १६६ |
| १२. | २०८२।११।१४ गते | १८९ | २०९ | ३९८ |
| १३. | २०८२।११।१५ गते | ८७ | १०७ | १९४ |
| १४. | २०८२।११।१६ गते | ११५ | १४८ | २६३ |
| १५. | २०८२।११।१७ गते | ५६ | ८९ | १४५ |
| **कूल जम्मा संख्या** | | **२७६५** | **३५१८** | **६२८३** |

## ५. कार्यक्रमका प्रमुख गतिविधिहरू

- मतदाता शिक्षा सम्बन्धी प्रस्तुति
- मतदान प्रक्रियाको जानकारी
- प्रश्न–उत्तर तथा अन्तरक्रिया कार्यक्रम
- मतदाता सचेतना सम्बन्धी सामग्री वितरण

## ६. कार्यक्रमको उपलब्धि

- सहभागीहरूले मतदान प्रक्रियाबारे स्पष्ट जानकारी प्राप्त गरे।
- युवाहरूमा मतदानप्रति सकारात्मक सोच विकास भयो।
- समुदायमा मतदाता शिक्षा सम्बन्धी सचेतना बढ्यो।

## ७. समस्या तथा चुनौति

- केही सहभागीहरूमा मतदान प्रक्रियाबारे पूर्व जानकारीको कमी।
- समय व्यवस्थापनमा केही कठिनाइ।

## ८. निष्कर्ष

मतदाता शिक्षा विशेष कार्यक्रम २०८२ सफलतापूर्वक सम्पन्न भएको छ। यस कार्यक्रमले सहभागीहरूलाई मतदानको महत्व बुझाउन तथा जिम्मेवार मतदाता बन्न प्रेरित गरेको छ।

## ९. सुझाव ;

- यस्ता कार्यक्रम गाउँ–गाउँमा अझ बढी सञ्चालन गर्नुपर्छ।
- युवालाई केन्द्रित गरी मतदाता शिक्षा अभियान चलाउन आवश्यक छ।

मतदाता शिक्षा विशेष कार्यक्रमसँग सम्बन्धित केही तस्विरहरु















